# चौतारा साँगाचोकगढी नगरपालिका
## Chautara Sangachokgadhi Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
चौतारा, सिन्धुपाल्चोक
Chautara, Sindhupalchok

चौतारा साँगाचोकगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौतारा, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७२

पत्र संख्या (Letter No.)ः २०८०/०८१

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

## आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति : २०८०/०८/१८

सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम संचालन गर्नुपर्ने भएको हुँदा यस नगरपालिका भित्र स्थायी बसोबास भएका १८ वर्ष उमेर पुरा नगरेका बालबालिकाहरुले वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहाय बमोजिमको आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता :**

१. आमा र बाबु दुवैको मृत्यु भएको वा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चित रहेको ।
२. १८ वर्ष उमेर पुरा नभएको ।
३. ५ वर्ष पुरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालयमा जाने गरेको ।
४. कुनै गैरकानूनी वा अपराधिक क्रियाकलापमा संलग्न नरहेको ।

**आवेदनको साथमा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि । (नेपाली नागरिकता प्रमाण पत्र बनेको भए सोको प्रतिलिपि)
२. बाबु र आमा दुवैको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चितीमा परेको भन्ने व्यहोराको सम्बन्धित वडा कार्यालयबाट सिफारिस भएको प्रमाणित प्रतिलिपि ।
३. विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र । (५ वर्ष पुरा भएको बालबालिकाको हकमा मात्र)
४. संरक्षकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
५. आ.व. २०७९/०८० मा आमा र बाबु विहिन बालबालिका संरक्षण कार्यक्रमबाट लाभान्वित सम्बन्धित बालबालिकाहरुले समेत यस वर्ष भत्ता प्राप्त गर्नका लागि आमा र बाबु दुवैको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चितीमा परेको भन्ने सम्बन्धित वडा कार्यालयबाट सिफारिस भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

2080/8/18

.........................
राम बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत

http://chautaramun.gov.np/ chautaramun@gmail.com ०११-६२०३१३, ४७७ ०११-६२००४७